अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०४/२०८२-०८३ मिति २०८२/०७/१८ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ।

## संवत् २०८२ साल कार्तिक १८ गते वसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | | चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्रदेश वित्तीय हस्तान्तरण अन्तरगत प्राप्त योजना तथा कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६४, नियमावली, २०६४, अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ (संशोधन सहित) बमोजिम बजेट रकमको सीमा अनुसार सोझै खरिद, शिलबन्दी दरभाउ पत्र तथा बोलपत्र विधिबाट कार्यान्वयन गर्ने । |
| २. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत मकरीगाड-खण्डेश्वरी सडक निर्माण आयोजनाको निर्माण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ (संशोधन सहित) को नियम १०७ बमोजिम उपभोक्ता समिति गठन गर्ने र सडक निर्माणको कार्य गर्ने । |
| ३. | | चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत घुसा स्वास्थ्य चौकी भवन निर्माण योजना शीर्षकमा विनियोजन भएको बजेटबाट सो स्वास्थ्य चौकीको भवनको माथिल्लो तलामा ट्रस/प्रिफ्याव हाउस निर्माण सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ र अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ (संशोधन सहित) को नियम ९४ बमोजिम गर्ने। |
| ४. | आर्थिक प्रशासन शाखा | नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले (Nepal Mountain Academy) यस गाउँपालिकामा ट्रेकिङ गाइड र ट्रेकिङ पोर्टर गाइड तालिम संचालन गर्ने भएकाले उक्त तालिमका लागि अपिहिमाल गाउँपालिका, दिगो पर्यटन परियोजनाबाट आर्थिक सहयोग गरी सहकार्य गर्ने । |
| ५. | | यस गाउँपालिकाको वडा नं.५ को मकरीगाड जोड्ने सेलविसा-मकरीगाड सडक खण्ड वर्षादको समयमा सडकमा पहिरो, खाल्डाखुल्टी भई विग्रेको, सवारी साधनको आवतजावतमा कठिनाइ भएकाले सो सडक खण्डको मर्मत सम्भारकर्ता श्री ठगुन्ना निर्माण सेवा, मार्मा गाउँपालिका-१ ले गरेको हुँदा प्राविधिक मूल्याकंनका आधारमा उक्त कार्य गर्ने/गराउने श्री ठगुन्ना निर्माण सेवा, मार्मा गाउँपालिका-१ लाई सडक मर्मत |

आपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| | | सम्भार र निर्मित संरचनाको मर्मत तथा पुन निर्माण शीर्षकबाट भुक्तानी दिने । |
| ६. | | यस गाउँपालिका वडा नं.४ स्थित प्रहरी चौकी खण्डेश्वरी दार्चुलाले दिपावली पुजाका लागि आर्थिक सहयोग माग गरेको निवेदन उपर छलफल गरी उक्त प्रहरी चौकीलाई आर्थिक सहयोग दिने । |
| ७. | | यस गाउँपालिकाको आयोजना तथा जिल्ला प्रशासन कार्यालय दार्चुलाको सहजिकरणमा ज्येष्ठ नागरिक तथा अशक्त (अपाङ्ग) हरुका लागि नागरिकता प्रतिलिपी र राष्ट्रिय परिचयपत्र दर्ता गर्ने कार्य सम्बन्धी मिति २०८२।०५।१० गते देखि २०८२।०५।१९ गते सम्म संचालित शिविर व्यवस्थापनको खर्च भुक्तानी दिने । |
| ८. | | एक्ट ईन्टरनेशनल नेपाल धनगढी, कैलालीको च.नं.११८, मिति २०८२/०७/११ गतेको प्राप्तपत्रानुसार स्थानीय निकायहरुसँगको समन्वय तथा साझेदारीमा यस गाउँपालिकामा **"राष्ट्रिय आर्थिक सुधार परियोजना"** संचालनका लागि स्वीकृत माग गरेको हुँदा उक्त एक्ट ईन्टरनेशनल नेपाललाई परियोजना संचालनका लागि स्वीकृति दिने । |
| ९. | प्रशासन शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाडौं मार्फत प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान, आयोग, टंगाल, काठमाडौंका सूझाव उपर छलफल गर्दा उक्त सुझावको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयका तत् निकायलाई निर्देशन दिने । |
| १०. | | यस गाउँपालिका र दिगो पर्यटन परियोजनाको सहकार्यमा अपि हिमाल पर्यटकीय पदमार्ग अन्तरगत पर्ने वडा नं. १ को भल्याखोलामा गत आ.व.२०८१/०८२ मा निर्माण सम्पन्न पर्यटक विश्राम घर वहालमा लगाउन सूचना प्रकाशन गर्ने । |
| ११. | शिक्षा यूवा तथा खेलकूद शाखा | प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) को चालु आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि परियोजना प्रस्ताव पेश सम्बन्धी मिति २०८२ असोज ३१ गते प्रकाशित सूचना अनुसार नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम प्रविधिमा आधारित शिक्षा, स्वास्थ्य विषयक्षेत्रसँग सम्बन्धित प्रस्ताव पेश गर्ने । |